# लेखापरीक्षण प्रतिवेदन

# आलिताल गाउँपालिका, डडेलधुरा

आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## आलिताल गाउँपालिका, डडेलधुरा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा
प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय
लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/750

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
आलिताल गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
डडेल्धुरा।

**कैफियतसहितको राय**

हामीले आलिताल गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाँउपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा नेपाल सरकारबाट अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.६ करोड २३ लाख ९ हजार, स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास योजनाको रू.३० लाख र गरीबसँग विश्वेश्वर कार्यक्रमको रू.४ लाख १४ हजार समेत रु.६ करोड ५७ लाख २३ हजार समावेश गरेको छैन।
२. गाँउपालिकाको रु.९५ करोड ९१ लाख २५ हजारको लेखापरीक्षण गरिएकोमा रू.६१ लाख ६६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२३ हजार प्रतिक्रियाबाट फछ्यौंट भई बाँकी रहेको बेरुजुमध्ये असुल गर्नुपर्ने रू.३२ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० लाख २९ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख १७ हजार र पेस्की बाँकी रु.६ लाख १० हजार रहेको छ। गत वर्षसम्म रु.१० करोड ८४ लाख ३९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड १० लाख ५१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत

वित्तीय विवरण तयार गर्ने गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा


लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाँउपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७१ | ९५ | ६१,६६,४९५ | ० | २ | २३,३०५ | ० | ७१ | ९३ | ६१,४३,१९० | ३२,८७,३५६ | १२,१६,९५२ | १०,२८,८८२ | ० | ० | २२,४५,८३४ | ६,१०,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डडेल्धुरा | १०,८४,३९,००० | ० | ३५,३१,६७९ | १०,४९,०७,३२१ | ० | ६१,४३,१९० | ११,१०,५०,५११ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ५६ | कानुन विपरितको | ९,९४५ |
| २ | २०७७/७८ | ८१ | नियमविपरितको भुक्तानी | १,५६,४०० |
| ३ | २०७७/७८ | ६६ | नियम विपरीतको यस्तो भुक्तानी | ११,८८० |
| ४ | २०७७/७८ | ६९ | भत्ता असुल गर्नुपर्ने | १०,५०० |
| ५ | २०७७/७८ | ७९ | समापन गरेवापत भत्ताको भुक्तानी | ९,१८० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७७/७८ | ७३ | सम्झौता विपरीतको बढी भुक्तानी | २६,६६७ |
| ७ | २०७७/७८ | ७० | असुल गर्नुपर्ने | १०,२०० |
| ८ | २०७८/७९ | २९ | पेश्की बाँकी : | ५,४९,९८३ |
| ९ | २०७८/७९ | ३० | वितरणको भरपाई : | ४,०३,५५० |
| १० | २०७९/८० | ५४ | कर छुटको वस्तुमा मुल्य अभिवृद्धि कर भुक्तानी | ३७,४४० |
| ११ | २०७९/८० | ६० | बिबिध परीक्षण | ७,५०० |
| १२ | २०७९/८० | ६ | धरौटीतर्फ | २,९१,८३३ |
| १३ | २०७९/८० | २१ | पेश्की | १९,७५,४०० |
| १४ | २०७९/८० | ३१ | फस्र्यौट गर्न बाँकी आ.ले.प. बेरूजु | ३१,२०१ |
| १५ | २०८०/८१ | ३३.३ | आन्तरिक लेखापरीक्षण | ११,०३१ |
| १६ | २०८०/८१ | ३.५ | वित्तिय अवस्था :- | १२,२७४ |
| जम्मा | | | | ३५,५४,९८४ |

# (८०७७५५०२३०० - आलिताल गाउँपालिका, डडेलधुरा )

# अलिताल गाउँपालिका , डडेल्धुरा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस पालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ। सुदुरपश्चिम प्रदेशमा अवस्थित क्षेत्रफल २९२.८६ वर्ग किलोमिटर, १८११२ जनसंख्या रहेको यो पालिका अन्तर्गत ८ वडा वाट ४२ गाउँसभा सदस्य रहेका छन्।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०५ देखि २०८१।०६।११ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्यय रु.९५ करोड ९१ लाख २५ हजारको सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

२ **एकिकृत आय व्याय**

**एकीकृत आय व्यय :-**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आलिताल गाउँपालिका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गाउँ कार्यपालिकाकोकार्यालय, डडेल्धुरा | | | | | | | |
| एकीकृत आ. वि.२०८०/०८१ | | | | | | | |
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २०१५७८१३.५९ | १ | चालु खर्च | २६०२८५११५८.६० | २६०२८५११५८.६० |
| | क) नगद | | | २ | पूँजीगतखर्च | १२१९५५०७० | १२१९५५०७० |
| | ख)बैंक | २०१५७८१३.५९ | | ३ | धरौटीफिर्ता | ९५४१९२ | ९५४१९२ |
| २ | राजस्व | | ८५३७२८५५.८४ | 4 | जनश्रमदानफिर्ता | | |
| | (आन्तरिक आय) | | | | | | |
| | क) आन्तरिकराजस्व | ३७२१७७०.८५ | | 5 | कोष फिर्ता | ५६९२१८७.२२ | ५६९२१८७.२२ |
| | ख) राजस्वबाँडफाँड | ८१६५१०८४.९९ | | 6 | शसर्तअनुदान फिर्ता | २७४९८२७५.६० | २७४९८२७५.६० |
| | ग) अन्य आय | | | ७ | गत बर्षकोबढी अल्या | | 0 |
| ३ | वित्तिय हस्तान्तरणसंघ | | २८५९८२९६७.७० | | | | |
| | क) वित्तियसमानीकरण अनुदान | ७७०९७००० | | | | | |
| | ख) सशर्तअनुदान | १७७७४२००० | | | | | |
| | ग) समपूरकअनुदान | ६१४३९६७.७० | | ८ | अन्तर सरकारीअख्तियारी | | ६५७२२६०२.६८ |
| | घ) विशेषअनुदान | २५०००००० | | | क सामाजिकसुरक्षा | ६२३०८६१२.६८ | |
| ४ | प्रदेश सरकारबाटप्राप्त अनुदान | | २५९९९९८८ | | ख)प्रशासकीय भवन पूर्वाधार विकास योजना | ३०००००० | |
| | क) वित्तियसमानीकरण अनुदान | ६६६८००० | | | ग) गरिवसंग विश्वेश्वर | ४१३९९० | |
| | ख) सशर्तअनुदान | ७४४४९८७ | | | | | |
| | ग) समपुरकअनुदान | ३१८७००१ | | | | | |
| | घ) विशेषअनुदान | ८७०००००० | | ९ | अन्य | | |
| ५ | अन्तर सरकारी अख्तियारी | | ६५७२२६०२.६८ | | क) सडकबोर्ड नेपाल | २७८३३२० | २७८३३२० |
| | क सामाजिकसुरक्षा | ६२३०८६१२.६८ | | | | | |
| | ख)प्रशासकीय भवन पूर्वाधार विकास योजना | ३०००००० | | | | | |
| | ग) गरिवसंग विश्वेश्वर | ४१३९९० | | 10 | मौज्दात | | ९५०१७००.६९ |
| | | | | | क) संचित कोष | ३१७५९७७.९८ | |
| ६ | अन्य | | २७८३३२० | | ख) धरौटी खाता | ४३१६२११ | |
| | क) सडकबोर्ड नेपाल | २७८३३२० | ० | | ग) मर्मत सम्भार कोष | ९०१३७४.५० | |
| 7 | विभिन्नकोषतर्फको आय | | ५९००५१९.९८ | | घ) कर्मचारी कल्याणकोष | ६१०२१०.२५ | |
| | क)कर्मचारी कल्याण कोष | ० | | | ङ) प्रकोप व्यवस्थापनकोष | २४२७३२.२० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) मर्मतसम्भार कोष | ० | | | च) विविध खर्च खाता | २५५११९४.७६ | |
| | ग) प्रकोपव्यवस्थापन कोष | ० | | | | | |
| | ग) विविधखर्च खाता | ५९००५१९.९८ | | | | | |
| ८ | धरौटी आय | २४७२४३९ | २४७२४३९ | | | | |
| जम्मा | | | ४९४३९२५०६.७९ | | जम्मा | | ४९४३९२५०६.७९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय अवस्था :-**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखाङ्कन र प्रतिवेदन गर्नु पर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ **आय व्यय :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न पालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।

३.३ **फरक हिसाब :-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू २०१५७८१३।५९ यस वर्षको प्राप्ति रू ३६,९९,१४,८०४.९४ यस वर्षको भुक्तानी रू ३८,२०,२६,२७७.६ र बैङ्क मौज्दात रू ९७,७२,९२०.६९फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा नं २७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ

लेखापरीणका क्रममा वित्तिय प्रतिवेदन र लेखांकनमा फरक रहेको कारण स्थानिय तहले पेश गरेको आय व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिम वित्रिय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्यायको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २०१५७८१३.५९ | ३६९९१४८०४.९४ | ३८२०२६२७७.६० | ९५५८९६९.६९ |
| एकीकृत आर्थिक विवरणअनुसार | २०१५७८१३.५९ | ४७४२३४६९३.२० | ४८४८९०८०६.१० | ९५०१७००.६९ |
| फरक | ०.०० | (१०४३१९८८८.२६) | (१०२८६४५२८.५०) | ५७२६९.०० |

३.४

**सुत्र वाहिरको खर्च /वित्तीय विवरणको यथार्थता:** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रू.६२३०८६१२।६८, स्थानीय तय प्रशासकिय भवन पूर्वाधार विकास योजनाको रू.३००००००।०० र गरीवसँग विश्वेश्वर कार्यक्रमको रू.४१३९९०।०० समेत गरी रू ६५७२२६०२।६८ सुत्रबाट सिर्जित वित्तीय विवरणमा समावेश छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्रबाट सिर्जित वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

३.५ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१२,२७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३.६ **बैंक हिसाव मिलान :**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| विविध खर्च खाता | २५५१९४.७६ | २६७४६८.७६ | (१२२७४) |
| ग१.१, आन्तरिक राजस्व खाता | ५७,२६९.०० | ० | ५७२६९ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । आन्तरिक राजश्व रकम रु ५७२६९ हिसाव मिलान गरी प्रमाण पेश गर्नु पर्नेर रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,२६९ |

## ४ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७।०३।१० मा रू ४६ करोड ८३ लाख ३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।२१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ तर यस आवमा ८० प्रतिशतमात्र वित्तिय प्रगत प्राप्त भएको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ५ आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि

विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• यस पालिकामा कार्यरत जनशक्तिको कार्यविवरण तयार गरी लागु गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन गर्दा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले ईन्धन प्रयोगको आवश्यक मापदण्ड बनाई बढ्दो ईन्धन खरिदमा हुने खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन ।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भएका कतिपए अनुदान वितरणमा मापदण्ड पुरा गरेको पाईएन ।

• पूँजिगत खर्च शिर्षकमा चालु प्रकृतीका खर्च गर्ने कार्य नियन्त्रण भएको देखिएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• पालिका अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारित नगरि तलब भत्ता भुक्तानी गरेको छ ।

• ठेक्काका म्याद थप्ने कार्यमा निर्णयगर्दा कारण नखोली म्याद थप्ने गरेको छ ।

• साना योजना छनौट भएको ।

• दरबन्दि अनुसारको पद पुर्ती नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६ कानून निर्माण एवं कार्यान्वयन

६.१ **कानुन निर्माणको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस पालिकाले दिएको विवरण अनुसार हालसम्म १२ ऐन, ३ नियमावली, ४३ कार्यविधि लगायत ५८ कानुनहरु निर्माण भएको देखिन्छ। स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण कानुनी, सामञ्जस्यता र तादाम्यता तथा प्रभावकारी कार्यान्वियन गर्नु जरुरी देखिन्छ ।

६.२ **न्यायिक समितिको कार्यसम्पादनको अवस्था** - यस पालिकाको न्यायिक समितिको लागि न्यायिक मेलमिलाप कक्षको व्यवस्था गरेको छैन।पालिकाले उपलब्ध गराएको विवरण अनुसार अघिल्लो आर्थिक बर्षबाट अल्या भएका उजुरीको संख्या ३ आर्थिक वर्ष २०८०।८१ मा दर्ता भएका ३ वटा गरी जम्मा ६ वटा उजुरी दर्ता भएका छन । जसमध्ये ५ उजुरीको मेलमिलाप गरी फछ्यौंट गरेको देखिन्छ जुन कुल प्राप्त उजुरीको तुलनामा ८३.३३ प्रतिशत हो । आम नागरिकको सहज पहुँच कायम गरी नागरिकको घर आँगनमा नै न्यायिक अधिकार प्राप्त गरेको अनुभूति दिलाउने गरी न्यायिक समितिको क्षमता विकास गर्नु जरुरी छ ।

## ७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशासकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, लेखा अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक,सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले विभिन्न ८८ जना कर्मचारीहरु करारमा राखि रू.१,३३,०३,०००। खर्च लेखेको छ । O & M गरि आवश्यकताका आधारमा मात्र कर्मचारी राख्ने व्यवस्था मिलाउनुपर्दछ।

७.३ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ४ | ४ |

रिक्त वडा सचिवहरूको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

७.४ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ६ स्थायी कर्मचारीहरूको जम्मा रू.३३,६७,४०७। तलवी प्रतिबेदन पारित नगरि वर्षभरी तलब भत्ता भुक्तानी गरेको पाइयो।पालिकाले उक्त कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगराई तलव भत्ता भुक्तानी गरेकोमा सोको ग्रेड एकिन गर्न सकिएन।तलव खर्च लेख्दा तलवी प्रतिवेदन पारित गरेरमात्र खर्च लेख्नु पर्दछ।

८ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १२,१९,५५,०७०।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ

९ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडाको लागि वडागत र पालिकास्तरका कुल १८६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्रं सं | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ५३ | ११ | २२ | २० |
| २ | वडास्तरीय | १३३ | ० | ३ | १३० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु समेत सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १६८ योजनामात्र कार्यान्वयन भई १८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :

| क्र स | क्षेत्रगत बजेट | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,४१,४०,२००.०० | ३,१३,३६,३८५.०० | ७०.९८ |
| २ | सामाजिक विकास | २५,९६,२४,२५०.०० | २१,७८,३३,२१२.४० | ८३.९ |
| ३ | पूर्वाधार विकास | ६,२९,१८,०००.०० | ४,१८,८७,१११.०० | ६६.५६ |
| ४ | सुशासन विकास | १,६८,२४,०००.०० | १,२२,६७,४८७.०० | ७२.९२ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९,४३,५१,१५०.०० | ७,८९,१६,०३३.२० | ८३.६४ |
| जम्मा | | ४७,७८,५७,६००.०० | ३८,२०,२६,२७७.६० | ७९.९९ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८३.८२ प्रतिशत र सुशासन विकासमा सबै भन्दा घटीमा ७२.९२ प्रतिशत रहेको छ। पालिकाले आफ्नो दीर्घकालिन रणनीति तथा लक्ष्य प्राप्त गर्ने गरी क्षेत्रगत खर्च व्यवस्थापन गर्नुपर्दछ।

## ११ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजिगत शिर्षकबाट रु. १२१९५५०७० खर्च गरेकोमा रु. ६६५३५९२७ अर्थात् ५४.५५ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. २०००००० सोझै रु. १,०८,९८,३४४।०० अर्थात ८.९३ प्रतिशत ,अमानतबाट रु. ५५०००० र उपभोक्ता समितिबाट रु. ४,५६,७७,८८९ अर्थात ३७. ४५ प्रतिशतको खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## १२ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रे त्रैमासिक | चौथो त्रैमासिक | |
| १५९८०९००० | १२१९५५०७० | ८१०३७९२ | २७३७२७२८ | २६५५६७१८. | ५९९२१८३२ | ३३५७४८५७. |
| खर्च प्रतिशत | ७६.३१ | ६.६४ | २२.४४ | २१.७८ | ४९.१३ | २७.५३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुजिगत वार्षिक निकासा भएकोमध्ये प्रथम त्रैमासिकमा ६.६४ प्रतिशत, दोस्रो त्रैमासिकमा २२.४४ प्रतिशत, तेस्रो त्रैमासिकमा २१.७८ प्रतिशत खर्च र चौथो त्रैमासिक ४९.१३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र २७.५३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १३ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २

प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ। साथै महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु १५ लाख ९१ हजार समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन्। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

१४ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध खर्च खाता, सडक वोर्ड नेपाल, प्रकोप व्यवस्थापन कोष, मर्मत सम्भारकोष जस्ता कोषमा रु. ८४,७५,५२२.२२ आय र रु. २१४९७९९।५१ खर्च गरी रु. ६३,२५,७२२।७१ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

१५ **प्रकोप व्यवस्थापन कोष तर्फ**

१५.१ **प्रकोप व्यवस्थापन कोष -** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकामा गत वर्षको मौज्दात रू. २,८७,७३२।२० र यो बर्ष थप रू.९,६८,८०२। गरि जम्मा आम्दानी रू.१२,५६,५३४। भई रू.१०,१३,८०२। खर्च भएको र रू.२,४२,७३२ ।२० बाँकी देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१५.२ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थपन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यो बर्ष समिति गठन भई २ वैठक वसेका छन्। पालिकाले ऐनमा तोकिएबमोजिम समिति गठन गरे पछि समय समयमा वैठक बसि वैठकका निर्णयलाई कार्यान्वयन गर्दै समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

१५.३ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ ।

१६ **मर्मत सम्भार कोष**

पालिकाले विगत बर्ष देखि मर्मत सम्भार कोषमा जिम्मेवारी सार्दै आएको देखिन्छ। उक्त कोषमा जम्मा रू.९,०१,३७४।५० मौज्दातको रूपमा रहेको छ। पालिकाले उक्त कोषमा रहेको मौज्दात रकम तोकिएको काममा प्रयोग नगरी निष्कृय राख्नु मनासिब देखिएन।

१७ **कर्मचारी कल्याण कोष**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुने आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। कर्मचारी कल्याण कोषमा गत वर्षसम्मको रू.६,१०,२१०।२५ मौज्दात बाँकी रहेको छ। ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरूबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गरि ऐनको पालना गर्नुपर्दछ।

१८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३११९८२९५५.७ | ३७२१७७०.८५ | १.१९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन्-

- एम्बुलेन्स ड्राइभर, दत्त बोहराले रु. ५५,२०० बैंक दाखिला गरेपनि उक्त ठेलीहरु नबुझाएको देखिन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरि सो ठलीहरुको रकम एकिन गरि कार्यालयमा दाखिला गर्नुपर्दछ ।

२० **स्थानीय राजश्व**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५००००० | १४९२१७ | ९.९५ |
| भूमीकर तथा मालपोत | २०००००० | ४९६२८१ | २४.८१ |
| घरजग्गा वहाल कर | २०००००० | ३३९०९७ | १६.९५ |
| व्यवसाय कर | १०००००० | १८०११२ | १८.०१ |
| सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १५००००० | ३६८४८१ | २४.५७ |
| अन्य प्रशासनिक सेवा शुल्क | १५००००० | ३२३४२७ | २१.५६ |
| सिफारिस दस्तुर | १०००००० | ४८२८७४ | ४८.२९ |
| व्यक्तिगत घटना दस्तुर | १०००००० | ३०५७५६ | ३०.५८ |
| अन्यकर | १५००००० | ६४०७७ | ४.२७ |
| परीक्षा शुल्क | ५००००० | ५७९५० | ११.५९ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०००००० | ९१२९७ | ९.१३ |
| वेरुजु | ९२५००० | ५५३४२५ | ५९.८३ |
| अन्य | २४१८७३३० | ३६७०४६ | १.५२ |
| जम्मा | ३९६१२३३० | ३७७९०४० | ९.५४ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२१ **वडाको राजश्व दाखिला बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। मालपोत र नगदगरि राजश्व रकम संकल्न गरेका वडा नं ५ कार्यालयका सचिव मेखराज जोशीले यस आ. व मा बैंक दाखिला गर्नुपर्ने साँवा रकम रु. ५७,२६९ हालसम्म पनि बैंक दाखिला नगरेकोले नियम अनुसार साँवा रकम जरिवाना सहित अशुल गरेर बैंक दाखिला गरि प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,२६९ |

२२ **क्यान्टिनको भाडा**

कार्यालय परिसर भित्र रहेको क्यान्टिन संञ्चालनका लागि पालिका र होटल रोयलको बिच भएको सम्झौता बमोजिम होटल रोयल आलिताल गाँउपालिका (प्रो. नरेश बोहरा) ले मासिक रु. ७००० (सात हजार मात्र) क्यान्टिन भाडा बापतको रकम प्रत्येक महिना समाप्त भएको एक हप्ता भित्र पालिकालाई तिर्नुपर्ने सम्झौता रहेको छ।तर निजले यस वर्षको ११ महिनाको भाडा रु. ७७,००० रकम तिरेको देखिएन। सम्झौता बमोजिम ११ महिनाको भाडा रु. ७७,००० साँवा रकम जरिवाना सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,००० |

२३ **आर्थिक सहायता र अन्य विविध खर्च**

२३.१ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले यो बर्ष "आलिताल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि,२०७८" अनुसार ८८ जनालाई रू.२,०००। देखि रू.५०,०००। सम्म रू.१६,१८,०००। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.३७,२१,७७०। को ४३.४७ प्रतिशत हुन आउँछ। आर्थिक सहयता वापतको रकम आन्तरिक आयको आकारसँग तादाम्यता कायम गर्ने पद्धतिको विकास गर्नुका साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

२३.२ **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविध खर्च तर्फ मात्र रू.1८,3७,०००। खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.३७,२१,७७०। को ४९.३६ प्रतिशत हुन आउँछ। यस्तो खर्च औचित्यको आधारमा गर्नुपर्दछ ।

## २४ स्थानीय तहका पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रू.७१,६८,,०००। सुविधा वापत भुक्तानी भएको छ। जुन कुल आन्तरिक आय रू. ३७,२१,७७०। को १९२ प्रतिशत हो।

## २५ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ । यस वर्ष पालिकाबाट निम्नाअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ:

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | विवरण प्राप्त नभएको |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ४६० |
| मृत्युदर्ता | १०१ |
| बसाईसराई दर्ता | १३३ |
| विवाह दर्ता | १४९ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | विवरण प्राप्त नभएको |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ।

२६ **सम्पत्ति उपयोग र संरक्षण**

२६.१ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन पेस गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ। यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम विक्री गर्नुपर्ने भनी उल्लेख गरेका ४ ल्यापटप तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका ४ डेस्कटप कम्प्युटर, २ ल्यापटप, ५ प्रिन्टर लगायत १० प्रकृतिका २५ मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार लिलाम विक्रि तथा मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्था लाई चुस्त र दुरूस्त वनाउनु पर्ने देखिन्छ।

२६.२ **सार्वजनिक सम्पत्तिको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक प्रति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।

२६.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

२६.४ **जिन्सी लगत खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन ।

२६.५ **वडा कार्यालयबाट सामाग्री खरिद-** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । पालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अध्यावधिक हुन सक्दैन् । अतः एकिकृत रूपमा वडाहरुको जिन्सी सामाग्री खरीद गरी पाम्समा सबै सामाग्रीहरुलाई स्पेशिफिकेशन सहित खुलाएर राख्ने व्यवस्थाको पालना गर्नको लागि पालिकाले ध्यान दिनु पर्दछ ।

२७ **सहकारी अनुगमन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ख) मा स्थानिय तहले सहकारी संस्थाको अनुगमन तथा नियमन गर्नुपर्ने ब्यवस्था छ ।पालिकामा जम्मा २२ सहकारी संस्था रहेकोमा ४ वटा पालिकामै दर्ता भएका छन्। यस पालिकाले ऐनमा भएको ब्यवस्था बमोजिम अनुगमन तथा नियमन गरी अभिलेख राखेको देखिएन ।अतः पालिकाले ऐनमा भएको ब्यवस्था अनुसार अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

२८ **फोहोरमैला व्यवस्थापन**

यो बर्ष पालिकाले फोहोरमैला व्यवस्थापनमा रू.३,९७,०००। खर्च गरेकोमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवाद गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। स्रोतमा नै वर्गीकरण गरि कुहिने,नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहोरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. ५०००००. म्याद नाघेको पेश्की फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| पेश्कीको विवरण | पेश्की लिनेको नाम | म्याद नाघेको पेश्कीको रकम |
|---|---|---|
| साना सिंचाई सहयोग कार्यक्रम(बासगडी, चुनढुङ्गा सिंचाई-८) | श्री बैजनाथ कृषक समुह | १५०००० |
| भाडी उखु खेती कार्यक्रम | मानासाई उखुखेती कृषक समुह उ.स. | १००००० |
| जि आई जेड मार्फत संचालित योजना तथा कार्यक्रमहरु | त्रिभुवन भट्ट | २५००००. |
| | | ५००००० |

| पेश्की | ५,००,००० |
|---|---|

३० **वर्षान्तको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७८ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ । पालिकाले सङ्घीय सशर्तबाट आर्थिक वर्षको अन्त्यमा कर्मचारीलाई पेश्की दिएको देखियो । उक्त पेश्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिदैन । तसर्थ वर्षान्तमा फ्रिज गर्नु पर्ने उक्त रकम फ्रिज नगरी दिएको पेश्की दिएको सम्वन्धितबाट फिर्ता लिई सञ्चित कोष दाखिला गर्नुपर्ने रु

| पेश्कीको विवरण | कर्मचारी को नाम | पद | म्याद नाघेको पेश्की रकम |
|---|---|---|---|
| खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान, गहुँ , मकै) | लक्ष्मण बहादुर कामी | अधिकृतस्तर छैठौं | १, १० , ०००.०० |

| पेश्की | १,१०,००० |
|---|---|

३१ **गत विगतको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि नं | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| | उपभोक्ता समिति | | |
| १ | सुवाखान खा.पा.आ. आलिताल ६, डडेल्धुरा | सुवाखान खानेपानी उ.स. | ३००००० |
| व्यक्तिगत तर्फ | | | |
| २ | विविध खर्च | टेक बहादुर राना | १३९८० |
| ३ | सवारी साधन तथा मेशिनर औजार भाडा | टेक बहादुर राना | १४००० |
| ४ | उल्लानी ।जोशिना । टाक खोला झो.पु।आलिताल गाउँपालिका। डडेलधुरा | शेर बहादुर ढाँट | ३२५०० |
| जम्मा | | | ४२०९६० |

३२ **सवारि साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सान वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। यस पालिकाले वर्षभरिमा सवारी साधन भाडा वापत रू.११,९९,५५०। खर्च गरेको छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको, एक जना व्यक्ति मात्र कार्यालयको काममा जानु पर्ने अवस्थामा पनि गाडि भाडामा लिई प्रयोग गर्ने गरिएको पाईयो। पालिकाबाट हुने प्रायजसो कार्यक्रम, तालिम, गोष्ठी आदिको लागि भाडामा लिने परिपाटि देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययि हुनुपर्ने र रकम भुक्तानी प्रश्चात रकमको उपयोग सम्बन्धमा प्रतिवेदन पेश हुनुपर्दछ। यस सम्वन्धमा केही उदाहरणहरू:

| **क्र.सं.** | **भौ.नं. र मिति** | **वाफत** | **रकम** | **भुक्तानीपाउने** |
|---|---|---|---|---|
| १ | २८-२०८०।०६।२९ | कार्यालय सामाग्री ढुवानी वाफत | १५३०० | दिपक व.साउँद |
| २ | ५७-२०८०।०६।३० | कार्यालयको कामकाज | १६२९०० | कर्ण व.थापा |
| ३ | ६०-२०८०।०६।३० | कार्यालय कामकाज | १३५०० | लोकेन्द्र सिंह भण्डारी |
| ४ | १३०-२०८०।०७।२१ | कार्यालय कामकाज | ४३२०० | विजय कुमार वोगटी |
| ५ | २२०-२०८०।०८।२६ | कार्यालय कामकाज | ६२५५० | कर्ण ब.थापा |
| ६ | २४३-२०८०।०८।२७ | कार्यालय कामकाज | २८८०० | सुरेश व.रावल |
| ७ | २७७-२०८०।०८।२९ | कार्यालय कामकाज | ७९२०० | वल व.धामी |

३३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ ।यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ।

३३.१

| क्र.सं. | बेरूजुको ब्यहोरा |
|---|---|
| १ | **कोटेशनको कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा नियमावली, २०६४ को नियम ८४ मा १० मा १० लाख भन्दा बढीको खरिदमा शिलबन्दी दरभाउ पत्र माग गरि खरिद गर्नुपर्ने, एकै प्रकारको सामान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिस्पर्धि मूल्यमा खरिद गर्नुपर्ने, एउटै प्रकृतिका समान प्रतिस्पर्धि मूल्यमा खरिद गर्दा प्याकेज तयार गरि खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक बर्ष २०८०।८१ मा बोलपत्र वा शिलबन्दी दरभाउ पत्र माग नगरि अधिकाशं निर्माणका कार्य तथा सडक सफाई कोटेशनद्वारा गरेको देखिन्छ । यस्तो कार्यमा सुधार हुनुपर्ने देखिन्छ। |

| गो.भौ.। मिति | सडकको नाम | जम्मा भुक्तानी (मू.अ.कर सहित) | भुक्तानी पाउने |
|---|---|---|---|
| ६। २०८०। ६।३० | सुनखोला नदि नियन्त्रण | ५७१३९३। | जय सिगाँस निर्माण सेवा अलिताल ३, डडेल्धुरा |
| ७। २०८०। ६।३० | बुडर - नाइल सडक सफाई वडा नं. ६ | ७३२१९७। | सुरपाल निर्माण सेवा धनगढी, कैलाली |
| ११। २०८०। ६।३० | ऐरानी - भाडी सडक ग्रावेल तथा सोलिङ वडा नं. ७ | ८४४३१३। | आई.डि. इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा. ली. आदर्श ४ डोटी |
| १२। २०८०। ६।३० | घरेलु-खिन्नेभाडी सडक सफाई वडा नं. ७, | ५५७९७६। | शुभलक्ष्मी इन्जिनियरिङ सर्भिसेस एण्ड प्रा. ली.एण्ड धनगढी कैलाली |
| १६। २०८०। ७।२२ | भिमदत्त पन्तको शालिक मर्मत तथा अन्य कार्य | २३२९६०। | ओम. प्रे. पा. से. म. मुर्ती क्रेसन उद्योग, आलिताल ३ |
| २०। २०८०। ७।२२ | वडा नं. २ का अन्तर्गतका विभिन्न सडक (गोगनपानी- जैसिना, झुरकाडा, दिपलमारे, तिमुली, गैरा- निकाने, लामिचौर- देउवा गाँउ, तोली, खुम्तोला, थकलाडी- जैसिना, वन्ताल ) | ३७५६९२ | भवानी युवराज निर्माण सेवा आलिताल १, डडेल्धुरा ( निर्माण सम्पन्न फोटा पेश नभएको ) |
| २१। २०८०। ७।२२ | वडा नं. २ का विभिन्न सडक (साहुखर्क - मेलडाँडा, कोहलपुर - किमाड, उणिकोट - काफली, साहुखर्क – काफली, बोरगाँउ-उल्लानी) सफाई तथा कटिङ | ६२०००० | भूमिराज रोशन निर्माण सेवा जोरायल १, डोटी |
| २७। २०८०। ७।२२ | वडा नं. ३ का विभिन्न सडक (घुम्ती – कान्तीपुर- खिनाउटा, सेलाउने खोला- आलिताल – मामुर, भुङडा – वेतन्ना, बत्थडा, आलिताल – चनला, पड्याम, रक्सौन- डडेल्ले - धारितिला, धुलिखेल – गोरिया, चनला- बुडुम- नबलपुर) सफाई | ६२६८०१ | जय सिगाँस निर्माण सेवा अलिताल ३, डडेल्धुरा |
| ३०। २०८०। ७।२३ | वडा नं. ४ का विभिन्न सडक (सुकुमल्ले,जाल्टुणा - चौडेल्ला, ओखलढुङ्गा- सिराडी ) सफाई | ४६५२४२ | आर.के. निर्माण सेवा, आलिताल ४ |
| ३१। २०८०। ७।२३ | सुनखोला डाइभर्सन | ४००००० | भूमिराज निर्माण सेवा प्रा.ली. |
| ३२। २०८०। ७।२३ | वडा नं. ७ को मेलगाँजा सडक सफाई | ५०२३०२ | खप्तड इन्जिनियरिङ्ग कन्सल्ट एण्ड रिसर्च सेन्टर प्रा. लि. धनगढी |
| १६५। २०८०। ११।१६ | गोगनपानी तल्लो सानकी कृषि | २३४९८९ | सिमस इन्जिनियरिङ्ग प्रा.लि. वेलडाडी २, कञ्चनपुर |

| | | | |
|---|---|---|---|
| १६८। २०८०। ११।१६ २७२। २०८१। २।११ | वडा नं. ४ र ८ का विभिन्न सदक सफाई | ७१९७५८ | जय मसानी निर्माण सेवा |
| ४६। २०८०। ८।२७ | घुम्ती र रेलाघाट खोलामा ह्युपपाईप जडान ग्रावेल भरान | १७९७२९। | तेडी निर्माण सेवा आलिताल ८ |
| ४७। २०८०। ८।२८ | वडा नं. ६ का विभिन्न सडक (लामिजिले – शेरी, बास्कोटा – एक्लेसल्ला, शेरी – भटेट्टुक्रा, चिउरानी, केतिचौड, घिमडा, झरकाडा, मेलखाली, घट्टीगाड, तल्लो मल्लो फल्लेखर्क) सडक सफाई | ६५००००। | सुरपाल निर्माण सेवा घनगढी, कैलाली |
| ५५। २०८०। ८।२९ | वडा नं. १ र २ का विभिन्न सडक सफाई | ३१९८५३ | भूमिराज निर्माण सेवा प्रा. ली. |
| १६२। २०७९। १०।१९ | प्रहरी चौकी भवनमा सेप्टी ट्याङ्की निर्माण | ३९४२३३ | हेमराज निर्माण सेवा परशुराम न.पा १, डडेल्धुरा |
| २४९। २०८१। २।१ | वडा नं. ३ अन्तर्गतका विभिन्न सडक ( वेतन्ना – पड्याम, सुदुम, मामुर, डडेल्ले, आदर्श प्रा.वि. आमसैन- जोगेना ) सटिङ | ९३०२९० | कालिका कन्स्ट्रक्सन सेवा आलिताल ३, डडेल्धुरा |
| २५९। २०८१। २।६ | कान्तीपुर सडक निर्माण आलिताल ३ | ९६५८५ | कालिका कन्स्ट्रक्सन सेवा आलिताल ३, डडेल्धुरा |
| ३१०। २०८१। ३।१९ | वडा नं. २ अन्तर्गतका विभिन्न सडक (किमाड पोखरी हलने, खोलेखर्क, बसेली, गाड्लेत चाल्थ) सफाई | ७५४३२३ | न्यु चाँदनी कन्स्ट्रक्सन आलिताल ८ |
| ३४३। २०८१। ३।२२ | मेलगाँजा खानेपानी मर्मत योजना | ३८९७०८ | इनोभेटिभ एण्ड सस्टेनेवल टेक्नोलोजी सोलुसन्स प्रा.ली. दिपायल सिलगढी न.पा. डोटी |
| ३५७। २०८१। ३।२४ | वडा नं. १ अन्तर्गतका विभिन्न सडक ( डुमरा, मेलखानी - दिपलमारे, मेलखर्क - खिन्नेगडा ) | ३००००० | जि.एम. कन्स्ट्रक्सन, डडेल्धुरा |
| **जम्मा** | | **१,०८,९८,३४४** | |

| | |
|---|---|
| २ | **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । तर यस पालिकाले पूँजीगत बजेटबाट चालु प्रकृतिको खर्चमा रकमान्तर गर्ने गरेको पाईयो । एक शीर्षकमा स्वीकृत बजेटको पुरै अंश अर्को शीर्षक रकमान्तर गर्ने गरेको पाईएकोले यस्तो कार्यमा नियन्त्रण गरिनु पर्दछ । |
| ३ | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा |

| | |
|---|---|
| | उल्लेखित प्राविधिक स्पेशिफिकेसन रगुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । |

३३.२

| क्र.सं. | बेरूजुको व्यहोरा | रकम |
|---|---|---|
| **पालिका चालु तर्फ** | | |
| १ | भौ.नं. र मिति ३५१।०८०।९।२२,५४३।०८०।११।६,६८०।०८०।१२।५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। अध्यक्ष सँग विद्यार्थी कार्यक्रम अन्तर्गत १५ जना विद्यार्थीलाई रू.१,४०,०००। छात्रवृति वितरण भएकोमा छात्रवृति आह्वावानको सूचना र छनौटको आधार पेश गर्नुपर्ने रू. | १४०००० |
| २ | भौ.नं. ६४१ मिति ०८०।११।१४ सूचना प्रकाशन बाफत सेती महाकाली अत्तरियालाई रू.१४,७७५। भुक्तानी भएकोमा सक्कल बिजक र सम्झौता पेश नभएकोले पेश गर्नुपर्ने रू. | १४७७५ |
| ३ | भौ.नं. ९६१ मिति ०८१।२।२९ सुचना तथा सन्देश प्रशारण बाफत रेडियो अमरगढीलाई रू.२०,०००। भुक्तानी भएकोमा प्रसारित सामाग्री पेश गर्नुपर्ने रू. | २०००० |
| ४ | भौ.नं. ३५४ मिति २०८१।३।२४ कृषि तथा पशुपंक्षी तथ्याङ्क संकलन बाफत त्रिभुवन भट्टलाई रू.८९,३००। भुक्तानी भएकोमा तथ्याङ्क संकलन गरेका फाराम र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू. | ८९३०० |
| ५ | भौ.नं. १५६ मिति २०८१।१।१४ पोषण सम्बन्धि संन्देश प्रसारण बाफत नयाँ विचार, गोदावरी, कैलालीलाई रू.२४,६७४। भुक्तानी दिएकोमा संदेश प्रसारण गरेको प्रमाण पेश गर्नुपर्ने रू. | २४६७४ |
| **संघीय शसर्त पूँजीगत** | | |
| ६ | भौ.नं. ८, १५ मिति २०८०।१।१५, २०८०।१२।६ खेलकुद मैदान निर्माण बाफतको रकम ९,५९,०२२। खेलकुद मैदान निर्माण उ.स. लाई भुक्तानी भएकोमा प्राविधिक मूल्याङ्कन अनुसार रू.१०,८२,२८२। को बिल भरपाई पेश हुनुपर्नेमा रू.१०,४६,५६१। को मात्र पेश भएकोले बिल भरपाई बेगर भुक्तानी भएको रु ३५,७२१। को विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू. | ३५७२१ |
| **शसर्त चालु** | | |
| ७ | भौ.नं. ३४५ मिति २०८१।३।२४ ५०।५० प्रतिशत धान उत्पादन अनुदान कार्यक्रम बाफतको रकम रू.३,३०,७०१। विपिन कृषि तथा बाख्रा पालन फर्म अलिताल ७ लाई भुक्तानी भएको छ । कुल लागत रू.६,३१,४२०। मा कार्यालयको रू.३,३०,७१०। र फर्मको रू.३,००,७१०। रहेकोमा फर्मले जम्मा बिल भरपाई रू.६,२३,०५०। मात्र पेश गरेकोले फर्मले व्यहोर्नु अंश रू.८,३७०। बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू. | ८३७० |
| ८ | भौ.नं. ३५४ मिति २०८१।३।२४ कृषि तथा पशुपंक्षी तथ्याङ्क संकलन बाफत त्रिभुवन भट्टलाई रू.८९,३००। भुक्तानी भएकोमा तथ्याङ्क संकलन गरेका फाराम र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू. | ८९३०० |
| ९ | भौ.नं. १५६ मिति २०८१।१।१४ पोषण सम्बन्धि संन्देश प्रसारण बाफत नयाँ विचार, गोदावरी, कैलालीलाई रू.२४,६७४। भुक्तानी दिएकोमा संदेश प्रसारण गरेको प्रमाण पेश गर्नुपर्ने रू. | २४६७४ |
| **पालिका पूँजीगत** | | |
| १० | भौ.नं. ३४३ मिति २०८१।३।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। मेलगाँजा खानेपानी मर्मत योजना बाफत इनिभेटिभ एण्ड सस्टेनेवल टेक्नोलोजी सोलुसन्स प्रा.ली. दिपायल सिलगढी न.पा. डोटी लाई रू.३,८९,७०८। भुक्तानी भएकोमा सक्कल बिजक पेश गर्नुपर्ने रू. | ३८९७०८ |
| ११ | भौ.नं. ११६ मिति २०८०।१०।१७ फर्निचर खरिद बाफत श्री शिव पार्वती फर्निचर उद्योग, धनगढीलाई रू.१,३५,०९१। भुक्तानी भएकोमा सक्कल बिजक पेश गर्नुपर्ने रू. | १३५०९१ |
| **कुल जम्मा** | | ९,७१,६१३। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७१,६१३ |

३३.३

| क्र.सं. | बेरूजुको व्यहोरा | रकम |
| --- | --- | --- |
| **राजस्व तर्फ** | | |
| १ | **ब्याक हो लोडर**-पालिकाको आर्थिक ऐन, ०८०।०८१ मा कार्यालयको ब्याक हो लोडर प्रयोग गरे बाफत कार्यालयले इन्धन उपलब्ध गराएमा प्रति घण्टा रू.२,०००। र निर्माणकर्ता स्वयमले इन्धन हालेमा प्रति घण्टा रू.३,०००। का दरले कार्यालयमा राजस्व दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर देहायका निर्माण व्यावसायि तथा व्यक्तिहरुले कार्यालयकोब्याक हो लोडर प्रयोग गरि समयमै राजस्व दाखिला गरेको नदेखिएकोले तिनिहरुबाट रू.२,०३,०००। असुल गरि कार्यालयको आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने रू.<br>१. तारा जोशी (घुम्ती खेल मैदान ११ घण्टा र सुनखोलामा फाउण्डेशन ९.५ घण्टा निर्माण ) २०.५ घण्टा रु४१,०००।<br>२. वाई. आर कन्स्ट्रक्सन४ घण्टा रु१२,०००।<br>३. तेज पार्की (राउजाली सडक) ३ घण्टा रु ९,०००।<br>४. तेज पार्की ( गौरीशंकर मा.वि. फिल्ड निर्माण) ५ घण्टा रु १०,०००।<br>५. दिल बहादुर बोहरा (झोता कान्तीपुर सडक) ४ घण्टा रु ८,०००।<br>६. जनज्योती आ.वी. फिल्ड निर्माण १४ घण्टा ( १०० लिटर कार्यालयको र २० लिटर विद्यालयको) रु ३९,०००।<br>७. छपेश मल्ल (सेटी गाउँ, किमाड, मटेला सडकमा ढुङ्गा, वालुवा लोड) २५ घण्टा रु ५०,०००।<br>८. अमर रोका मगर ( कुर्जेनी मेलगाजाँ सडक उ.स.) ४ घण्टा रु ८,०००।<br>९. भिम मडै (मल्लो गोदाम सुनखोलामा फाउण्डेसन निर्माण) २ घण्टा रु ६,०००।<br>। | १८३००० |
| २ | **ढुङ्गा, गिट्टी, वालुवाको रोयल्टी** -ढुङ्गा, गिट्टी, वालुवाको रोयल्टी बाफत किशन बहादुर धामीले रू.२,०८,९६५। संकलन गरि रू.६५,६१०।मात्र बैङ्क दाखिला गरेकोले बाँकी रू.१,४३,३५५। दाखिला गर्नुपर्ने रू. | १४३३५५ |
| ३ | **क्यान्टेन भाडा** - कार्यालय र होटल रोयल डि.के. मदिरा खुद्रा पसल (सुरेन्द्र बोहरा ) बिच २०८१।५।१ मा मासिक रू.७,०००। का दरले भाडा लिनेदिने सम्झौता भएकोमा आर्थिक बर्ष समाप्त हुदा सम्म पनि भाडा नतिरेकोले ११ महिनाको रू. ७७,०००। असुल हुनुपर्ने रू. | ७७००० |
| **पालिका चालु** | | |
| ४ | भौ.नं. ८६३ मिति २०८१।१।२८ अर्धबार्षिक समिक्षा कार्यक्रममा यातायात खर्च बाफत ६० जनालाई रू.३०० का दरले जम्मा रू.१८,०००। भुक्तानी भएकोमा कार्य सञ्चालन निर्देशिका, २०७५ मा एक दिनको कार्यक्रममा प्रतिव्यक्ति रू. २००। का दरले यातायात खर्च दिन सकिने व्यवस्था रहेकोले बढी भुक्तानी रू. ६,०००। वडा सचिव जयलाल सिंह साहुबाट असुल हुनुपर्ने रू. | ६००० |
| ५ | भौ.नं. ७४७ मिति २०८१।१।१४ नारी दिवस कार्यक्रममा खाजा रू.२४,२००। र फेरी २३५ जनालाई रू.२५० का दरले यातायात खर्च रू.५८,७५०। भुक्तानी भएकोमा सञ्चालन निर्देशिका, २०७५ मा दुई दिन सम्मको कार्यक्रममा प्रति व्यक्ती रू.२००। दरले यातायात खर्च दिन सकिने व्यवस्था रहेकोले निर्देशिका विपरितको बढी भुक्तानी रू.११,७५०। का.स. बन्दना बोहरबाट असुल हुनुपर्ने रू. | ११७५० |
| ६ | भौ.नं. ८४२ मिति २०८१।१।२८ नारी दिवस कार्यक्रममा १० जनाको खाजा खर्च बाफत वडा सचिव प्रकाश घर्तीलाई रू.५,०००। भुक्तानी भएकोमा कार्य सञ्चालन निर्देशिका, २०७५ मा प्रति व्यक्ति खाजा खर्च रू.२०० दरले दिन सकिने व्यवस्था रहेकोले निर्देशिका विपरितको बढी भुक्तानी रू.३०००। असुल हुनुपर्ने रू. | ३००० |
| ७ | कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ मा प्रति विद्यार्थी रू.४०० का दरले छात्रवृति पाउने व्यवस्था रहेकोमा देहायका विद्यालयहरूले बढी निकासा माग गरि कम वितरण गरेको देखिन आएकोले बढी भुक्तानी रू.१८,०००। असुल गर्नुपर्ने रू. | १८००० |

<table>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>वितरण रकम</th><th>असुल रकम</th></tr>
<tr><td>१</td><td>भगवती प्रा.वि.</td><td>३२००</td><td>२४००</td><td>८००</td></tr>
<tr><td>२</td><td>गौरीशंकर मा.वि.</td><td>३००००</td><td>२८४००</td><td>१६००</td></tr>
<tr><td>३</td><td>जगदम्बा प्रा.वि.</td><td>५६००</td><td>५२००</td><td>४००</td></tr>
<tr><td>४</td><td>सरस्वती प्रा.वी.</td><td>११६००</td><td>११२००</td><td>४००</td></tr>
<tr><td>५</td><td>दुर्गा मा.वि.</td><td>४४८००</td><td>४४०००</td><td>८००</td></tr>
<tr><td>६</td><td>सरस्वती मा.वि.</td><td>४१६००</td><td>३८४००</td><td>३२००</td></tr>
<tr><td>७</td><td>शिद्ध भगवती मा.वि.</td><td>२४८००</td><td>२००००</td><td>४८००</td></tr>
<tr><td>८</td><td>उनैसेरी आ.व.</td><td>१००००</td><td>९६००</td><td>४००</td></tr>
<tr><td>९</td><td>डोब्लिङ प्रा.वि.</td><td>८०००</td><td>७२००</td><td>८००</td></tr>
<tr><td>१०</td><td>उणिकोट मा.वि.</td><td>३२०००</td><td>२७६००</td><td>४४००</td></tr>
<tr><td>११</td><td>अशिग्राम आ.वि.</td><td>६०००</td><td>५६००</td><td>४००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१८,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td>भौ.नं. ७५७ मिति २०८१।०१।१७ आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ५ को पोषण क्लिनिकमा सुपरिवेक्षण गरे बाफत देहायका कर्मचारीहरुले भत्ता भुक्तानी लिदा पा.क. कट्टी नगरि भुक्तानी लिएकोले रू.३००। निजहरुबाट असुल हुनुपर्ने रू.
<table>
<tr><th>क्र.स.</th><th>नाम</th><th>रकम</th><th>पा.क.</th></tr>
<tr><td>१</td><td>धन बहादुर क्षेत्री</td><td>१०००</td><td>१५०</td></tr>
<tr><td>२</td><td>पार्वती विष्ट</td><td>१०००</td><td>१५०</td></tr>
</table>
</td><td>३००</td></tr>
<tr><td>९</td><td>भौ.नं. १०३३ मिति २०८१।३।११ शैक्षिक कार्यक्रममा गाडी भाडा बाफत एकता प्रा.वि. ले रू.१०,०००। भुक्तानी लिएकोमा सोमा नियमानुसार लाग्ने १० प्रतिशत बहाल कर रू.१,०००। असुल हुनुपर्ने रू.</td><td>१०००</td></tr>
<tr><td colspan="3">शसर्त चालु</td></tr>
<tr><td>१०</td><td>भौ.नं. २६७ मिति २०८१।३।१४ नमुना युवा सासंद अभ्यास कार्यक्रम अन्तर्गत बाल क्लब गठनका लागि वडा सचिव जयलाल सिंह साहुले रू.५,०२३। भुक्तानी लिएकोमा सोही कार्यक्रमका लागि गो.भौ.नं. ९०१ बाट रू.६,४००। भुक्तानी लिइसकेकोले दोहोरो भुक्तानी रू.५,०२३। निजबाट असुल हुनुपर्ने रू.</td><td>५०२३</td></tr>
<tr><td>११</td><td>शसर्त चालु भौ.नं. २६१ मिति २०८१।३।१३ नमुना युवा सासंद अभ्यास कार्यक्रम अन्तर्गत बाल क्लब गठनका लागि प्रत्येक वडालाई रु ४,०००। का दरले भुक्तानी हुनुपर्नेमा वडा सचिव प्रकाश घर्तिम गरले रु ४,४४०। भुक्तानी लिएकोले कर बाहेक बढी भुक्तानी रु ४३६। असुल हुनुपर्ने रू.</td><td>४३६</td></tr>
<tr><td>१२</td><td>भौ.नं. ३४९ मिति २०८१।३।२४ शिक्षा शाखाको विविध खर्च बाफतको रकम रु १०,१००। सुरेन्द्र बोहरालाई भुक्तानी भएकोमा बिलको रकम जोड जम्मा गर्दा रु ७,८५०। भुक्तानी दिन मनासिव देखिएकोले बढी भुक्तानी कर बाहेक रु २,२१७। निजबाट असुल हुनुपर्ने ।</td><td>२२१७</td></tr>
<tr><td>१३</td><td>भौ.नं. ३१८ मिति २०८१।३।२१ विज्ञान प्रयोशाला बाफतको रकम रु ६,५०,०००। कृष्ण कालिका मा.वि. लाई भुक्तानी भएकोमा</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>नियमानुसार रु ६,४७,१०७। बराबर पेश भएका बिजको मात्र भुक्तानी दिन मनासिव देखिएकोले बढी भुक्तानी रु२८९३। असुल हुनुपर्ने रू.</td><td>२८९३</td></tr>
<tr><td>१4</td><td>भौ.नं. १८९ मिति २०८१।१।२५ किशोर किशोरी मैत्री स्वास्थ्य सम्बन्धि अभिमूखिकरण कार्यक्रममा रु ७०००। भत्ता वितरण भएकोमा सोमा नियमानुसार लाग्ने १५ प्रतिशत पारिश्रमिक कर रु १०५०। स्वास्थ्य प्रमुख धन बहादुर क्षेत्रीबाट असुल हुनुपर्ने रू.</td><td>१०५०</td></tr>
<tr><td>१5</td><td>भौ.नं. ३० मिति २०८०।७।२० दुई दिन सुपरिवेक्षण गरे बाफत देहायका कर्मचारीले बढी दै. भ्र.भ. भुक्तानी लिएकोले निजबाट असुल हुनुपर्ने रु २,४००
<table>
<tr><th>सि.न.</th><th>नाम</th><th>भुक्तानी रकम</th><th>भुक्तानी हुनुपर्ने</th><th>असुल हुनुपर्ने</th></tr>
<tr><td>१</td><td>स्वा.प्र. धन बहादुर क्षेत्री</td><td>३२००</td><td>२०००</td><td>१२००</td></tr>
<tr><td>२</td><td>सि.अ.न.मी. पार्वती विष्ट</td><td>३२००</td><td>२०००</td><td>१२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२,४००</td></tr>
</table>
</td><td>२४००</td></tr>
<tr><td>१6</td><td>भौ.नं. २२१,२२२ मिति २०८१।२।११, २०८१।२।११ २०८१।२।३ र ११ मा पालिकामा सञ्चालित १ दिने किशोर किशोरी मैत्री अभिमूखिकरण गोष्ठीमा ३२ जना कर्मचारीलाई रु १६,०००। भत्ता वितरण भएकोमा सोमा नियमानुसार लाग्ने १५ प्रतिशत पारिश्रमिक कर रु२,४००। स्वास्थ्य प्रमुख धन बहादुर क्षेत्रीबाट असुल हुनुपर्ने रू.</td><td>२४००</td></tr>
<tr><td>१7</td><td>भौ.नं. २६९ मिति २०८१।३।१४ आधारभूत स्वास्थ्य सेवा केन्द्र घरेलु र भाडीमा मिति २०८१।३।२ देखि ५ सम्म सञ्चालित अनसाइट कोचिङ कार्यक्रममा सुपरिवेक्षण गरे बाफत तपशिलका कर्मचारीहरुले दै.भ्र.भ. र खाजा खर्च दोहोरो भुक्तानी लिएकोले रु १,६००। असुल हुनुपर्ने रू.
<table>
<tr><th>सि.न.</th><th>नाम</th><th>भुक्तानी रकम</th><th>भुक्तानी हुनुपर्ने</th><th>असुल हुनुपर्ने</th></tr>
<tr><td>१</td><td>स्वा.प्र. धन बहादुर क्षेत्री</td><td>६०००</td><td>५२००</td><td>८००</td></tr>
<tr><td>२</td><td>सि.अ.न.मी. पार्वती विष्ट</td><td>००</td><td>२०००</td><td>४००</td></tr>
<tr><td>३</td><td>सी.हे.अ. चेतराज जोशी</td><td></td><td></td><td>४००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१६००</td></tr>
</table>
</td><td>१६००</td></tr>
<tr><td>१8</td><td>भौ.नं. ३४५ मिति २०८१।०३।२४ ५०।५० प्रतिशत धान उत्पादन अनुदान कार्यक्रम बाफतको रकम रु ३,३०,७०१। विपिन कृषि तथा बाख्रा पालन फर्म अलिताल ७ लाई भुक्तानी भएकोछ । कुल लागत रू.६,३१,४२०। मा कार्यालयको रु ३,३०,७१०। र फर्मको रु ३,००,७१०। रहेकोमा फर्मले जम्मा बिल भरपाई रु ६,२३,०५०। मात्र पेश गरेकोले फर्मले व्यहोर्नु अंश रु ८,३७०। असुल हुनुपर्ने ।</td><td>८३७०</td></tr>
<tr><td colspan="3">पालिका पूँजीगत</td></tr>
<tr><td>19</td><td>भौ.नं. ४८ मिति २०८०।८।२८ फर्निचर र भाडाकुडा खरिदको प्यान बिल पेश गरि वडा सचिवप्रकाश घर्तिमगरले रु ७६,७०८। भुक्तानी लिएकोमा सोमा १५ प्रतिशतका दरले अग्रीम आय कर रु ११,५०६। कट्टी हुनु पर्नेमा रु १,१५०। मात्र कट्टी भएकोले बाँकी रु १०,३५६। निजबाट असुल हुनुपर्ने रू.</td><td>१०३५६</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>४८०१५०</td></tr>
</table>

( ✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **११,०३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०,१५० |

३३.४

<table>
<tr><th>क्र.सं.</th><th>बेरूजुको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td colspan="3">पालिका चालु</td></tr>
<tr><td>१</td><td>जरिवाना - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले विमा नविकरण तथा विद्युत्त महशुल ढिलो गरी भुक्तानी गरेकोले रू.२९,५८८। जरिवाना समेत भुक्तानी गर्नु परेको छ । यसरि भुक्तानी भएको जरिवाना रकम नियम सम्मत नदेखिएको रू.<br>
<table>
<tr><th>क्र.स.</th><th>भौ.नं. र मिति</th><th>जरिवाना रकम</th></tr>
<tr><td>१</td><td>३६५।२०८०।९।२२</td><td>२१००</td></tr>
<tr><td>२</td><td>५३६।२०८०।११।६</td><td>१३६</td></tr>
<tr><td>३</td><td>५७७।२०८०।११।८</td><td>४००</td></tr>
<tr><td>४</td><td>५९३।२०८०।११।९</td><td>१३००</td></tr>
<tr><td>५</td><td>७३८।२०८०।१।१३</td><td>९४७</td></tr>
<tr><td>६</td><td>७६२।२०८०।१।१८</td><td>४१९</td></tr>
<tr><td>७</td><td>८५०।२०८०।१।२८</td><td>१०७४</td></tr>
<tr><td>८</td><td>१०११-२०८०।३।४</td><td>१६३२</td></tr>
<tr><td>९</td><td>११६०।२०८०।३।१८</td><td>५३००</td></tr>
<tr><td>१०</td><td>१२१५।२०८०।३।२०</td><td>६८६०</td></tr>
<tr><td>११</td><td>३५४।२०८१।३।२४</td><td>९४२०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२९,५८८</td></tr>
</table></td><td>२९५८८</td></tr>
<tr><td>२</td><td>भौ.नं. ३२६ मिति २०८१।३।२० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । सत्यदमाड धुलीखेल खानेपानी योजना उपभोक्ता समितिले हरिस महरालाई चौकीदारमा नियुक्त गरि बार्षिक जम्मा रू. १,९८,०००। भुक्तानी भएको छ । आयोजना कार्यालयबाट भुक्तानी गर्नुपर्ने कार्यमा पालिकाले पारिश्रमिक भुक्तानी गर्ने कार्य अनियमित देखिएको रू.</td><td>१९८०००</td></tr>
<tr><td>३</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । निम्न भौ. न. र मितिमा वडा कार्यालयको निर्णय अनुसार दहगाड जलविद्युत्त योजनामा कार्यरत दुई जना कर्मचारी भोज व. वोहरा र नर व. वोहरा लाई बार्षिक जम्मा रू.२,९०,३५७। भुक्तानी भएको छ । आयोजना कार्यालयबाट भुक्तानी गर्नुपर्ने कार्यमा पालिकाले कर्मचारी नियुक्त गरि पारिश्रमिक भुक्तानी गर्ने कार्य अनियमित देखिएको रू.<br>
<table>
<tr><th>क्र.स.</th><th>भौ.न.। मिति</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१७५।०८०।७।२३</td><td>१२७९७७</td></tr>
<tr><td>२</td><td>६३८।०८०।११।१४</td><td>१६२३८०</td></tr>
<tr><td>३</td><td>११७२।०८१।३।१८</td><td>६६४३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२९७०००</td></tr>
</table></td><td>२९७०००</td></tr>
</table>

| | | |
|---|---|---|
| ४ | भौ.नं. १३२२ मिति २०८१।३।२४ सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २(१) मा गाउँ कार्यपालिका अध्यक्ष तथा अन्य पदाधिकारिको सुविधा अनुसुची-१(क) मा उल्लेख भए वमोजिमको हुने व्यवस्था छ।जसमा पदाधिकारीको विमा भुक्तानी सम्वन्धमा कुनै व्यवस्था छैन। पालिकाले ३९ जना जनप्रतिनिधिहरुको बिमा बाफत एसियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, जोगबुडालाई रू.४,३७,९९५। भुक्तानी भएको छ। यसरि भुक्तानी भएको रकम अनियमित देखिएको रू. | ४३७९९५ |
| **कुल जम्मा** | | ९,६२,५८३। |

| | |
|---|---|
| अनियमित भएको | ९,६२,५८३ |

३४ **कार्यक्रम संचालन (पालिका चालु)**

भौ.नं. ५४ मिति २०८०।०६।३० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम ७ अनुसार कुनै पनि सेमिनार, गोष्ठि तथा तालिम आयोजना गर्दा त्यस्तो तालिम कार्यक्रमको खर्च सम्बन्धित प्रस्तावना स्वीकृत गराउने तथा उपनियम ८ अनुसार कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको तिजको अवसरमा दर खाने कार्यक्रममा प्रस्तावना, कार्यक्रमको लागत अनुमान लगायतका प्रमाण कागजात संलग्न नगरी रू. १,१४,७५२। रकम खर्च गरेको छ। यसरि प्रस्तावना, लागत अनुमान नै तयार नगरी गरेको भुक्तानी नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,१४,७५२ |

३५ **अध्यक्षसँग विद्यार्थी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले अध्यक्षसँग विद्यार्थी कार्यक्रमको कुनै मापदण्ड तथा कार्यविधि नै तयार नगरी तथा विद्यार्थि छनौटको आधार वेगर रु. ३,००,०००। खर्च लेखेको छ । कार्यपालिकाको पटके निर्णयबाट रकम खर्च गर्ने खालका कार्यक्रम नगरी कार्यविधि र मापदण्डको तयार गरि सोही अनुसार खर्च गर्ने परिपाटी निर्माण गर्नु पर्दछ।

३६ **स्पेसिफिकेसन सहित दाखिला गर्नुपर्ने**

भौ.नं. ३८७ मिति २०८०।०९।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा खरिद भएको जिन्सी सामाग्री स्पेसिफिकेसन सहित दाखिला गर्नुपर्नेमा व्यवस्था छ। पालिकाले बर्थिङ सेन्टरको लागी शिवम सर्जिमेड एण्ड सप्लायर्स वाट रू.२,०३,४००। को १ थान baby warmer, रू.१,०१,७००। को २ थान Delivery Bed र रू.१,४०,०००। को ४ थान Autoclave Electric खरिद गरेकोमा स्पेसिफिकेसन सहित खरिद र दाखिला भएको छैन। सामान खरिद प्रश्चात स्पेसिफिकेसन सहित दाखिला गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३७ **भ्रमण खर्च**

सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ वमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू.३३,६३,६०९। खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन:

- अधिकाशं भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनुश्चित हुने विश्सनीय आधार नदेखीएको,

- भ्रमण प्रश्चात तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,

- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,

- भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको।

- कतिपय भ्रमण आदेशमा आदेश नं. र मिति नराखेको।

अत: तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने ब्यवस्था हुनुपर्दछ।

## ३८ घर भाडा

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन, जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नुपर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडा कार्यालय लगायका अन्य कार्यका लागी घरभाडा वाफत रू.८,३८,५३०। भुक्तानी गरेको पाईयो। घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ।

## ३९ ईन्धन खर्च

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरि मितव्यिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। कार्यालयले यस वर्ष १९ वटा २ पाग्रें र ६ वटा चार पाग्रें सवारि साधनको लागी रू.३०,९४,३०७। ईन्धन बापत खर्च गरेको पाईयो। कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक, कार्यविवरण माइल मिटर, सवारी साधन नं. आंशिक रूपमा मात्र खुलाएर अभिलेख राखेकोले ईन्धन खर्च कार्यालय प्रयोजन र पदाधिकारीका लागि मात्र भएको भनी एकिन गर्न सकिएन।

## ४० अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। गाउँपालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स. | भौ.नं. / मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ३०-२०८०।०६।२९ | धिंमडाप्रहरीचौकीव्यवस्थापनवाफत | १६,२२५। |
| २ | ७८-२०८०।०७।०१ | आलितालप्रहरीचौकीव्यवस्थापनवाफत | ३५,१९१। |
| ३ | २९४-२०८०।०९।०३ | गांखेतप्रहरीचौकीव्यवस्थापन | ५९,२०५। |
| ४ | ७६५-२०८१।०१।१८ | प्रहरीपोष्टधिमडाव्यवस्थापनखर्च | ३२,५०५।। |
| ५ | ८५०-२०८१।०१।२८ | प्रहरीचौकीधिमडा | २७,६९७।। |
| ६ | ८८१-२०८१।०२।०१ | गांखेतप्रहरीचौकीव्यवस्थापन | १७,८९७।। |
| ७ | ८८३-२०८१।०२।०१ | आलितालप्रहरी चौकी | ३१,९०५।। |
| **जम्मा** | | | **२,२०,६२५।।** |

## ४१ वडातर्फबाट विद्यालयलाई अनुदान

विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुनः वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो। यस आर्थिक वर्षमा संघिय शसर्त अनुदानको रुपमा प्रति विद्यार्थी लागतका आधारमा र पालिकाले एकमुष्ट प्रति विद्यार्थी अनुदानको रुपमा विद्यालय व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा पुनः विद्यालय व्यवस्थापनका लागि वडातर्फका कार्यक्रममा वजेट विनियोजन गरि देहाय बमोजिम अनुदान उपलब्ध गराएको छ। यसरी एउटै प्रकारको अनुदानमा फरक फरक कार्यक्रम मार्फत् अनुदान

उपलब्ध गराउँदा क्रियाकलापमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन्। वडा कार्यालयबाट बजेट विनियोजन गरि विद्यालयलाई उपलब्ध गराउने कार्यम नियन्त्रण हुनुपर्दछ।

| क्र.सं. | भौ.नं.र मिति | विद्यालय | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ३१-२०८०।०६।२९ | गौरीशंकर मा.वि. | शिक्षक व्यवस्थापन वाफत | ७६,०००। |
| २ | ५५-२०८०।०६।३० | महादेव मा.वि. | शिक्षक व्यवस्थापन वाफत | ९६,०००। |
| ३ | ६५-२०८०।०६।३० | सिद्धवावा प्राथमिक विद्यालय | शिक्षक व्यवस्थापन वाफत | ५०,०००। |
| ४ | ४३१-२०८०।१०।०८ | गौरीशंकर मा.वि. | शिक्षक व्यवस्थापन वाफत | ५७,०००। |
| ५ | ४३३-२०८०।१०।०८ | महादेव मा.वि. | शिक्षक व्यवस्थापन वाफत | ७२,०००। |
| ६ | ४३७-२०८०।१०।०८ | दुर्गा मा.वि. | शैक्षिक भ्रमण वाफत | १,००,०००। |
| ७ | ४७८-२०८०।१०।११ | अशिग्राम प्राथमिक विद्यालय | सामाग्री खरिद | ७८,८००। |
| **जम्मा** | | | | **५,२९,८००।** |

४२ **नाफामूलक संस्थालाई अनुदान** (२८१-२०८१-३-११):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष ज्योति सहकारी भवनमा शौचालय निर्माणका लागि रु १,३९,६१७।०० दिएको देखिएको हुँदा यसरी नाफामूलक संस्थालाई शौचालय भवन निर्माणमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,३९,६१७ |

४३ **शिक्षा तर्फ**

४३.१ **शैक्षिक गुणस्तर** – सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुद्रिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिक बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४३.२ **संस्थागत विद्यालय अनुगमन** – पालिका भित्र २ निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि तिनको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनभिज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनत: दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

४३.३ **विद्यालयको लेखापरीक्षण** - पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। पालिकावाट विद्यालयको आ.व. २०७९।८० को लेखापरीक्षण गर्न ४२ विद्यालयहरुलाई रू.४,५५,०००। भुक्तानी भएको छ। आ.व. २०७९।८०

को लेखापरीक्षणको क्रममा ३९ विद्यालयले लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा वुझाएको देखिन्छ। अतः पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गर्न लगाई देखिएका व्यहोरा उपर आवश्यक छलफल गरी सुधार गर्नु पर्दछ ।

४३.४ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान** - शिक्षा तथा मानव श्रोत केन्द्रबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को २.८.५ को क्रियाकलाप २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रयोजनको लागि वार्षिक रु.१२,०००।०० को दरले अनुदान उपलब्ध गराउने र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ४२ वटा विद्यालयलाई इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय रू.१२,०००।०० को दरमा रू.५,०४,०००।०० रकम निकासा भएकोमा विद्यालयमा इन्टरनेट जडान तथा प्रयोगको अवस्थाबारे पालिकाबाट नियमितरूपमा अनुगमन हुनुपर्दछ।

४३.५ **अनुदान ब्यवस्थापन** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ। यस पालिकाले आ.व. २०८०।८१ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कार्यान्वियन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन। अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वियन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन। पालिका कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम | विद्यालय |
|---|---|---|---|
| १ | विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २२,९२,०००। | ४२ |
| २ | पाठ्यपुस्तक अनुदान | २८,७२,०००। | ४३ |
| ३ | छात्रवृत्ति अनुदान | ८,०८,०००। | ४३ |
| ४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २४,०४,०००। | ४२ |
| ५ | अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ६९,४७,०००। | १२ |
| **जम्मा** | | **१,५३,२३,०००।** | |

४३.६ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई अनुदान निकासा प्रश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ४३ वटा विद्यालयलाई जम्मा रू.९,६३,८००। निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना हुनुपर्दछ।

४३.७ **सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार विद्यालयलाई दिने अनुदान एकिन संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले कोभिड-१९ वाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताका लागी कार्यक्रम अन्तर्गत अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न रू.१,५२,०००। खर्च भएकोमा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा अनुगमन भएको पाईएन। पालिकाले उक्त रकमको सदुपयोग भएको एकिन गर्न अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४३.८ **दिवा खाजा** - आर्थिक वर्ष २०८०।८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को अनुसूची ४ (ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अविभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अनुदानबाट कुल ४३ विद्यालयका लागि दिवा खाजा बापत रू.५७,१०,०००। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

४३.९ **सामादायिक सिकाई केन्द्र** - स्थानीय तहको शिक्षा शाखाले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभा बाट बजेट र कार्यक्रम प्राप्त गरेको, गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रू. २ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत निम्न सिकाई केन्द्रलाइ सञ्चालन अनुदान निकासा भएको देखियो।उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| **क्र.स.** | **सिकाई केन्द्रको नाम** | **रकम** |
|---|---|---|
| १ | आलिताल सामुदायिक सिकाई केन्द्र | २,५०,०००। |
| २ | लालिगुँरास सामुदायिक सिकाई केन्द्र | २,५०,०००। |
| **जम्मा** | | **५,००,०००।** |

४३.१० **शिक्षक दरवन्दी र पदपुर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ।

| **क्र.सं.** | **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **विद्यार्थी संख्या** | **प्रति शिक्षक बिद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| १ | ४३ | १४९ | १४४ | ५४२८ | १:३८ |

४३.११ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ४३ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | बर्मचारी प्रा.वि. किमोडी | १ | १ | १० | १:१० |
| २ | कृष्ण प्रा.वि. थली | १ | १ | ११ | १:११ |
| ३ | भगवती प्रा.वि. पर्सेरावल | १ | १ | १३ | १:१३ |
| ४ | रौलेश्वर प्रा.वि. फल्लेखर्क | २ | २ | ५० | १:२५ |
| ५ | दुर्गा मा.वि. आलिताल | १६ | १६ | ६४५ | १:४० |
| ६ | शङ्करकेदार आ.वि. झरकाँडा | ३ | ३ | २०१ | १:६७ |
| ७ | जनज्योति आ.वि. हम्तड | ३ | ३ | २७६ | १:९२ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१० देखि १:९२ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

## ४४ बढी निकासा

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम निकासा वा खर्च गर्न नहुने उल्लेख छ। पालिकाको वालकल्याण आ.वी. लाई पाठ्यपुस्तकको रकम भुक्तानी गर्दा IEMIS अनुसार रू.१,००,१४८। भुक्तानी हुनुपर्नेमा रू.१,०४,१४८। भुक्तानी भएकोले बढी निकासा भएको रकम रू.४,०००। विद्यालयबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

## ४५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन।कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत पालिका भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८० जनालाई रोजगारी उपलव्ध गराई रु.६४,६१,०००। खर्च गरेको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत पालिकामा सञ्चालन भएका आयोजनाको विवरण अनुसूचीमा उल्लेख गरिएको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन।

४६ **सेनेटरी प्याड**

भौ.नं. ३२१ मिति २०८१।०३।२१ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निशुल्क सेनेटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यविधिमा उल्लेखित प्रक्रिया अनुरूप वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। सोको मुख्य जिम्मेवारी सम्बन्धित स्थानीय निकाय र विद्यालय हुने कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था छ। यस पालिकाले यस बर्ष मिति २०८१।०३।१४ मा १०३२० प्याकेट सेनेटरी प्याड जानकी रूवी ट्रेड एण्ड सप्लायर्स वाट प्रतिथान रू.६४। (VAT सहित) का दरले सोझै खरिदको माध्यमवाट खरिद गरी रू.६,६४,७११। भुक्तानी गरेको देखियो। कार्यविधिमा तोकिए अनुरूप वास्तविक मागका आधारमा समयमै खरिद एवमं हस्तान्तरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

४७ **पढ्दै कमाउदै कार्यक्रम**

भौ.नं. ३३१ मिति २०८१।०३।२० पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद - ५ मा अनुदान प्राप्त गर्ने विद्यालयवाट सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण सम्बन्धित स्थानिय तहले गर्ने र अनुदान प्राप्त गर्ने विद्यालयले सम्बन्धित स्थानीय तहमा कार्य सम्पन्न प्रतिवेदन तथा वार्षिक प्रतिवेदन पेश गर्नेपर्ने व्यवस्था छ। यस वर्ष पढ्दै कमाउदै कार्यक्रमको लागी दुर्गा मा.वि. छनौट भई पालिकावाट जम्मा रू.४,९३,०००। निकाशा भएकोमा कार्यविधिले तोके वमोजिम पालिकावाट अनुगमन कार्य नभएको र वार्षिक प्रतिवेदन पेश भएको देखिएन। कार्यविधिको पालना हुनुपर्दछ।

४८ **औषधि खरिद**

पालिकाले यो बर्ष निम्नाअनुसार रू.१८,२५,७११। को औषधि खरिद गरि रकम भुक्तानी गरेको छ।

| क्र.सं. | खरिद विधि | फर्मको नाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | ई-बिडिंग | ग्लोब ड्रग सप्लायर्स, धनगढी | २६,८२,८४०। | ९,०२,७१६। | ६६ | ७,९६,४५८। |
| २ | सोझै खरिद | सान्वी मेडिसन सप्लायर्स | ८२०४५०। | ८०३७८७। | २ | ८,०३,७८७। |
| ३ | सोझै खरिद | राधा कृष्ण फार्मेसी | २३५५६६। | २२८९००। | ३ | २,२५,४६६। |

पालिकाले दिएको विवरण लाई विश्लेषण गर्दा ई-बिडिङ्ग मार्फत खरिद कार्य गर्दा लागत अनुमानको ६६ प्रतिशत घटीमा ठेक्का रकम स्विकृत भएको छ भने सोझै खरिद मार्फत खरिद कार्य गर्दा लागत अनुमानको क्रमश २ र ३ प्रतिशत घटीमा सम्झौता भएको छ। ई-विडिङ्ग मार्फत खरिद कार्य गर्दा लागत अनुमानको ६६ घटिमा ठेक्का स्विकृत भएकोले औषधि खरिद गर्दा प्रतिस्प्रर्धात्मक विधि मार्फत खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। साथै पालिकाले, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४९ **गाउँपालिका शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले २३ विद्यालयमा ५६ जना गाउँपालिका शिक्षक नियुक्त गरी विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.१,१८,३९,९१९। रकम विद्यालयको खातामा पठाएको छ।कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएकोले वित्तिय समानिकरण अनुदानवाट भुक्तानी भएको रकम रू.८०,८१,२२७।नियम सम्मत देखिएन।

| क्र.सं. | भौ.नं. र मिति | भुक्तानी भएको स्रोत | भुक्तानी रकम | विद्यालय | शिक्षक संख्या |
|---|---|---|---|---|---|
| १ | - | वित्तिय समानिकरण अनुदान | ४१२३१०७ | २३ | ५६ |
| २ | ३५७-२०८०।०९।२२ | राजस्व बाँडफाड | १०००००० | २३ | ५६ |
| ३ | ३५७-२०८०।०९।२२ | प्रदेश समानिकरण अनुदान | १०००००० | २३ | ५६ |
| ४ | ३५७-२०८०।०९।२२ | वित्तिय समानिकरण अनुदान | ९५८१२० | २३ | ५६ |
| ५ | ७१९-२०८१।०१।१२ | प्रदेश समानिकरण अनुदान | ८००००० | २३ | ५६ |
| ६ | ७१९-२०८१।०१।१२ | आन्तरिक श्रोत | ५००००० | २३ | ५६ |
| ७ | ७१९-२०८१।०१।१२ | राजस्व बाँडफाँड | ११८१५९४ | २३ | ५६ |
| ८ | १२४५-२०८१।०३।२१ | प्रदेश समानिकरण अनुदान | १२००००० | २३ | ५६ |
| ९ | १२४५-२०८१।०३।२१ | राजस्व बाँडफाँड | १०७७०९८ | २३ | ५६ |
| **जम्मा** | | | **१,१८,३९,९१९।** | | |

५० **जनप्रतिनिधिलाई पोशाक वितरण**

भौ.नं. १०३० मिति २०८१।०३।११ सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २(१) मा गाउँ कार्यपालिका अध्यक्ष तथा अन्य पदाधिकारिको सुविधा अनुसुची १ क मा उल्लेख भए वमोजिमको हुने व्यवस्था छ। अनुसुची १ क मा पदाधिकारीलाई पोशाकको सुविधा सम्बन्धमा कुनै व्यवस्था गरेको छैन।पालिकाले लाटो डाडा वाग गारमेन्ट उद्योग वाट निम्नानुसार जनप्रतिनिधिको लागि रू ३,८१,९६९। को पोशाक खरिद गरि भुक्तानी गरेको कार्य नियम सम्मत देखिएन।यसरि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू

| क्र.सं. | पदाधिकारीको पद र नाम | रकम |
|---|---|---|
| १ | अध्यक्ष शेर सिंह पार्की | ८८८३ |
| २ | उपाध्यक्ष मैना कुमारी रावल (बोहरा) | ८८८३ |
| ३ | वडा अध्यक्ष यज्ञ बहादुर देउवा | ८८८३ |
| ४ | महिला सदस्य भिमा देवी ओली | ८८८३ |
| ५ | दलित महिला सदस्य नारदा देवी कामी | ८८८३ |
| ६ | सदस्य राम बहादुर बोगटी | ८८८३ |
| ७ | सदस्य कृष्ण बहादुर खड्का | ८८८३ |
| ८ | वडा अध्यक्ष प्रमोद बहादुर मल्ल | ८८८३ |
| ९ | महिला सदस्य नन्दा देवी सेटी | ८८८३ |
| १० | दलित महिला सदस्य शारदा कुमारी दमाई | ८८८३ |
| ११ | सदस्य कृष्ण बहादुर बोगटी | ८८८३ |
| १२ | सदस्य लाल बहादुर थापामगर | ८८८३ |
| १३ | वडा अध्यक्ष बल बहादुर बुढामगर | ८८८३ |
| १४ | महिला सदस्य सुनिता बोहरा धामी | ८८८३ |
| १५ | दलित महिला सदस्य बेलु देवी पार्की | ८८८३ |
| १६ | सदस्य मान बहादुर महरा | ८८८३ |
| १७ | सदस्य दान बहादुर धामी | ८८८३ |
| १८ | वडा अध्यक्ष कमल सिंह वोहरा | ८८८३ |
| १९ | महिला सदस्य खिमा देवी गिरी | ८८८३ |
| २० | दलित महिला सदस्य पुना देवी कामी | ८८८३ |
| २१ | सदस्य लिलाधर वोहरा | ८८८३ |
| २२ | सदस्य सन्तोष वोहरा | ८८८३ |
| २३ | वडा अध्यक्ष डम्बर बहादुर ढाँट | ८८८३ |
| २४ | महिला सदस्य कलावती देवी नाथ | ८८८३ |
| २५ | दलित महिला सदस्य सुस्मिता सार्की | ८८८३ |
| २६ | सदस्य शेर बहादुर कार्की | ८८८३ |
| २७ | सदस्य डम्मर बहादुर विष्ट | ८८८३ |
| २८ | वडा अध्यक्ष कुम्भर वुढा | ८८८३ |
| २९ | महिला सदस्य गंगा देवी ओली | ८८८३ |
| ३० | दलित महिला सदस्य मैना कामी | ८८८३ |
| | | |

| | | |
|---|---|---|
| ३१ | सदस्य गोपाल कुवर | ८८८३ |
| ३२ | सदस्य दिपक बहादुर ओली | ८८८३ |
| ३३ | वडा अध्यक्ष वीर बहादुर वोहरा | ८८८३ |
| ३४ | महिला सदस्य सरस्वती देवी साउँद | ८८८३ |
| ३५ | दलित महिला सदस्य गोमती देवी पार्की | ८८८३ |
| ३६ | सदस्य वीर बहादुर महरा | ८८८३ |
| ३७ | सदस्य अमर धामी | ८८८३ |
| ३८ | वडा अध्यक्ष धन बहादुर देउवा | ८८८३ |
| ३९ | दलित महिला सदस्य धौली देवी सार्की | ८८८३ |
| ४० | सदस्य नर बहादुर वोहरा | ८८८३ |
| ४१ | सदस्य गणेश बहादुर कुवर | ८८८३ |
| ४२ | कार्यपालिका सदस्य रमेश बहादुर कामी | ८८८३ |
| ४३ | कार्यपालिका सदस्य कर्ण बहादुर दमाई | ८८८३ |
| **जम्मा** | | **३,८१,९६९।** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८१,९६९ |

५१ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम 8.9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सडक निर्माण, सिचाई योजना, नदी उत्खनन् का वातावरणिय परीक्षण, पार्क निर्माण, लिफ्ट सिचाई, ताल संरक्षण लगायतका विषयमा लगायतमा गत वर्ष रु. १,२८,६६,७२५।०० र यो वर्ष पनि निम्नानुसारका कार्यहरुमा रु. १,२०,२७,३७३ समेत कुल रु २,४८,९४,०९८।०० खर्च गरेको छ। यसरी परामर्श सेवा खरिद ग र्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता डि पि आर तथा परामर्श सेवा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

| सि नं | DPR विवरण | निर्माण कर्ता | खर्च रकम | DPR मा लगत ईस्टिमेट |
|---|---|---|---|---|
| १ | सुनखोला कुर्जेनी उचालढुङ्गी डाडाखर्क डोलाकोट हुँदै डोला सडक, वडा नं. ८ बिस्तृत परियोजना प्रतिवेदन | एसेन्ट विल्डर्स एण्ड कन्सल्ट्यान्टस् प्रा.लि. | १६३८५०० | ३८००३८६२५ |
| २ | सुनखोला मेलगाजा नाउली थली सडक बिस्तृत परियोजना प्रतिवेदन तयारी | शेर कन्सल्टिङ्ग सर्भिस | १७४०२०० | ६६९४८५९०१ |
| ३ | रंगुनखोला, जुङ्गेखोला र सुनखोला प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन | रीभा इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग सर्भिसेज | १२६३२५२ | ८२९४११९ |
| ४ | ध्याडी सडकको डिपिआर निर्माण | सुरपाल इन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्ट प्रा. लि. | ३८८००० | २६३९७८२०८ |
| ५ | चौड बत्थडा हुँदै आलिताल जोड्ने सडकको बिस्तृत परियोजना प्रतिवेदन | जे. बि. कन्सल्ट्यान्ट्स प्रा. लि. | ११९९४९५ | ५२६४३१११८.४८ |
| ६ | जैशिना झरना पर्यटकीय क्षेत्र बिस्तृत परियोजना प्रतिवेदन तयारी | एच.एम. इन्जिनियरिङ्ग एण्ड कन्सल्टिङ्ग एलायन्स प्रा.लि. | ९७५७५५ | ४९२९८३२४ |
| ७ | जाल्टुङा रज्यौडा गल्लेक सडकको बिस्तृत परियोजना प्रतिवेदन तयारी | डि .डि. एल. इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि. | ५३३९२५. | २५५२३५१२३ |
| ८ | ढाङ्ग-सुदुम-सेला सडक, वडा नं.३ बिस्तृत परियोजना प्रतिवेदन तयारी | प्याराडाइम ईन्जिनियरिङ् कन्सलटेन्सी प्रा.लि. | १०९८३६०. | ५४३९८९८२०.५६ |
| ९ | रक्सौन डडल्ले झोता कालिकोट सिचाइ योजनाको डिपिआर निर्माण | प्याराडाइम ईन्जिनियरिङ् कन्सलटेन्सी प्रा.लि | ४८४७७०. | २७५३५१२३. |
| १० | चौड मामुर खानेपानी योजनाको सर्भे, डिजाइन | जे.डी.ग्रुप अफ कम्पनिज | ४६००४८. | २४०७८१२३. |
| ११ | आलिताल पर्यटन पूर्वाधार मन्दिरको डि पि आर निर्माण कार्य | प्याराडाइम ईन्जिनियरिङ् कन्सलटेन्सी प्रा.लि. | ९९,७६८.०० | ३४६१३०२ |
| १२ | गाउँपालिका आवधिक योजना तयारी | शेर कन्सल्टिङ्ग सर्भिस | १०९६१०० | ० |
| १३ | डोला लिफ्ट खानेपानी योजनाको डिपिआर निर्माण | भागेश्वर बिल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.लि. | १०४९२०० | ११६२०४४८१ |
| जम्मा | | | १२,०२७,३७३.०० | २,८६८,०३०,२६८.५ |

## ५२ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सम्म व्यवस्था छ । कार्यालयले गत वित आबमा खरिद सम्झौता गरेकोमा यस वर्ष निम्न निर्माण कार्यको म्याद थप गरेको देखियो । उल्लेखित नियमावलीको नियम १२०(६)मा भएको व्यवस्था अनुसार 50 प्रतिशत भन्दा वढी अवधिको म्याद थप गर्न नपाइनेमा नियमावलीको व्यवस्था कार्यालयमा भएको छैन। यसरी कानुन वाहिरको परिस्थिति वाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम | म्याद सम्बन्धि विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्झौता मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप भएकोमा कायम भएको मिति | म्याद थप गर्नुको कारण |
| १ | ATLRM/ NCB/ WORKS/ 05/ 2079/80 | Construction of Sunkhola-Jungekhola River Training Works | M.S.-Deep Joint Venture, Baneshwor-10, Kathmandu | 2080/3/24 | 2081/3/10 | 2082/4/30 | २०८०।३।२० को निर्णयले निर्णयमा कुनै कारण नखुलाईएको |
| २ | ATLRM / DDL /NCB /WORKS / 01/ 2077/78 | Construction of 10 Bed Aalital Health Post Building | Rajendra Nirman Sewa,Parshuram-12,Dadeldhura | 2078/3/23 | 2080/3/15 | 2082/3/25 | २०८१।३।३। निर्णयलेनिर्णयमा कुनै कारण नखुलाईएको |
| ३ | ATLRM/DDL/NCB/ WORKS /01/2078/079 | Construction of Administrative Building | YR-Pant JV,Kanchanpur | 2078/12/15 | 2081/2/30 | 2082/3/20 | २०८१।३।३। निर्णयलेनिर्णयमा कुनै कारण नखुलाईएको |
| ४ | ATLRM/ NCB/WORKS /02/2079/80 | Construction of Health Post Building, Aalital-07 | DR Construction And Builders,Doti | 2079/12/7 | 2081/3/20 | | म्याद थप भएको कुनै विवरण प्राप्त नभएको। |

Construction of Sunkhola-Jungekhola River Training Works को कार्य सम्पादन जमानतको म्याद २०८२।४।३० सम्मको मात्र रहेकोमा २०८३।५।३० सम्म थप्नु पर्ने तथा Construction of Administrative Building को पेश्की जमानत मार्च 1, 2025 सम्ममात्र रहेकोमा सोको समेत म्याद थप गर्नु पर्ने देखिन्छ ।

५३ **आलिताल पर्यटन पुर्वाधार** (५०-२०८१-३-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको निमार्ण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ। यस पालिकास्थित आलितालमा पार्क निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन अनुसार रु ३४,६१,३०२।०० लागत अनुमान भएको योजनालाई विस्तृत परियोजना प्रतिवेदन बमोजमिको संरचना अनुसार लगत अनुमान तयार नगरी टुक्रे रुपमा उपभोक्ता समिति मार्फत यो बर्ष रु २२,५१,३५८।०० को लागत अनुमान तयार गरि रु. २३,३१,३५८।०० को कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरि कार्यान्यिन प्रकृया अगाडी बढाएको छ । यस्ता वृहत योजना बहुबर्षीय रुपमा स्विकृत गरी, बजेटको सुनिश्चितता सहित डिपिआर बमोजिम हुनुपर्दछ ।

५४ **मूल्य समायोजन** (३२१-२०८१-३-१०):

सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-७ मा खरिद सम्झौता सम्बन्धी व्यवस्था छ । सो परिच्छेदको दफा ५२ मा खरिद सम्झौतामा बोलपत्र सम्बन्धी कागजात, प्रस्ताव सम्बन्धी कागजात वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लिखित शर्तहरु समावेस गर्नु पर्नेछ र त्यस्ता शर्तहरु सम्झौताको प्रकृति अनुसार हुन सक्नेछन भनि उल्लेख छ । पालिकाको प्रशासनिक भवन निर्माणकालागि मिति २०७८।०६।२५ मा प्रकाशित NCB No.: ATLRM/DDL/NCB/WORKS/01/2078/079 को ठेक्का बोलपत्र सम्बन्धि प्रस्तावको GCC 53.1 मा मूल्य समायोजन लागु नहुने भनि उल्लेख छ भने GCC 53.7 मा समायोजन हुने मुल्यको सीमा समेत

लागु नहुने व्यहोरा उल्लेख छ। पालिकाले मिति २०७८।१२।१५ मा सो बोलपत्र प्रस्ताव बमोजिम छनौट भएको YR/Pant J/V सँगको सम्झौतामा GCC 53.1 मा मूल्य समायोजन लागु हुने र GCC 53.7 मा २५ प्रतिशत सम्म मूल्य समायोजन दिने व्यवस्था राखी बोलपत्रको प्रस्ताव विपरित सम्झौता गरि देहाय अनुसार मूल्य समायोजन गरी दिएको रकम नियमसंगत नदेखिएको रु

| रनिङ विल | विल रकम | बढी समायोजन |
|---|---|---|
| पहिलो विल | ३५६५५७८.०७ | ४६१७४२.३६ |
| दोस्रो विल | ४०५९१८८.७८ | ५०९४२८.१९ |
| तेस्रो विल | ९८९२३०१ | ११३९१०३.७५ |
| चौथो विल | ४१३८६८१.३४ | ४९५८१४.०२ |
| जम्मा | २१६५५७४९.१९ | २६०६०८८.३२ |
| मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) | | ३३८७९१.४८ |
| मुल्य अभिवृद्धि कर कट्टी पछीको रकम | | २२६७२९६.८४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,६७,२९६.८४ |

५५ **सडक सरसफाई मा टुक्रे खरिद**

सार्वजनिक खरिद ऐन, 2063 को नियम 8.2 अनुसार यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले पालिका भरिका सडक सरसफाई कार्यका लागि टुक्रा बनाई विभिन्न निर्माण व्यवसायी तथा अमानत मार्फत सोझै खरिद सम्झौता गरेर रु. ४९९२६०७ भुक्तानी भएको छ। टुक्रा-टुक्रा गरी खरिद गर्दा प्रतिस्पर्धा न्यून भएको कारणले सरकारी व्ययभार वढेको अवस्था छ। यस सम्बन्धमा टुक्रै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

५६ **बढी भुक्तानी** (३८७-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ । पालिकाले गौरिशंकर मा वि मोल्गाजाको थप संरचना निर्माणकार्यका लागि प्राविधिक विल बमोजिम विद्यालयले ईट्टाको मुल्य भन्दा ईट्टाको विजक रु. १९,६७१।०० कम पेश गरेको हुँदा पालिकाबाट बढी भुक्तानी भएको रकम अशुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,६७१ |

५७ **दुईवटा उपभोक्ता समितिबाट एउटै काम** (१५-२०८०-१२-६):

सार्वजनिक खरिद ऐन, 2063 को नियम 8.2 अनुसार यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यस गाउँपालिका वडा नं ८ स्थित खेलकुद मैदान पूर्वाधार निर्माण एकै निर्माण कार्यकालागि पालिकाले यस वर्षमा २ वटा उपभोक्ता समितिमार्फत फरक शिर्षक पारी निर्माण कार्य गरी रु १६,२९,८१८।०० भुक्तानी गरेको देखियो जसमा नियम विपरित निम्न बमोजिमको एकै प्रकारको कार्य एकै परिमाणमा दुई फरक दररेटमा कार्य गराएको प्राविधिक विल बमोजिम भुक्तानी दिएको सम्बन्धमा सो कार्यको एकिन गर्न सकिएन।

| उपभोक्ता समितिको नाम | कार्य | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| खेलकुद पुर्वाधार निर्माण योजना वडा नं ८ | Providing and lyaing the Grandular Sub base prepared surface mixing all comple | ४५० | १२७८ | ५७५१०० |
| गाउँपलिका स्तरिय खेलकुद मैदान निर्माण योजना वडा नं ८ | Providing and lyaing the Grandular Sub base prepared surface mixing all comple | ४४९ | १३०४ | ५८५३७५ |

पालिकाले यस्ता प्रकारका योजनाको एउटै लागत ईस्टिमेट तयार गरि प्याकेजमा समावेश गरी प्रतिस्पर्धात्मक विधिबाट निर्माण कार्य खरिद गर्नुपर्दछ ।

## ५८ सोधभर्ना बापत भुक्तानी

सार्वजनकि खरिद नियमावली, २०६४ को नियम १२३(८) मा पच्चिस हजार भन्दा बढी रकम भुक्तानी गर्नु पर्दा वैंकमार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष उपभोक्ता समितिका पदाधिकारीहरुलाई सोधभर्ना वापत निम्नानुसार भुक्तानी गरेको देखिन्छ। यसरी नियम विपरित सोधभर्नाबाट भुक्तानी दिने प्रकृयालाई नियन्त्रण गर्नु पर्दछ । यसको केही उदाहरण:

| गो भौ नं | मिति | उपभोक्ता समितिको नाम | पद | भुक्तानी लिनेको नाम | रकम |
|---|---|---|---|---|---|
| ५१ | २०८०।८।२८ | गैराटोल नाउलो निर्माण योजना उ स | अध्यक्ष | दिपक वहादुर वोहरा | ६२००० |
| ५६ | २०८०।९।३ | चनालविच कुलो निर्माण | अध्यक्ष | राम बोहरा | ४५७८९ |
| ६२ | २०८०।९।२२ | सुनखोला कुलो सरसफाई योजना उ स | कोषाध्यक्ष | मंगला देवी विष्ट | ४३२०० |
| ६६ | २०८०।९।२२ | वेतन्ना गोलामेली पाईपलाईन खोदान समिति | अध्यक्ष | पदम बहादुर महरा | ८६११९ |
| ६७ | २०८०।९।२२ | प्रसेरावल गोरेटो बाटो निर्माण | अध्यक्ष | कर्ण वहादुर विष्ट | ४८००० |
| ७१ | २०८०।९।२३ | जहल तितला खानेपानि ईन्टेक मर्मत योजना | अध्यक्ष | गुणकार जोशी | ५६९२५ |
| ७७ | २०८०।९।२४ | मुङ्डा सिचाई कुलो निर्माण योजना | अध्यक्ष | हरिस महरा | ९४९७९ |
| ८६ | २०८०।९।२५ | चडपानि खानेपानि मर्मत योजना | अध्यक्ष | देव बहादुर वोगटी | ५७६०० |
| ९२ | २०८०।१०।९ | सुनखोला कुलो निर्माण जना उ स | अध्यक्ष | खड्ग बहादुर मगर | ७११६५ |
| ९४ | २०८०।१०।१० | भेरि खोडा लिफ्ट खानेपानि योजना | अध्यक्ष | राम बहादुर ऐडि | ७०९३८ |
| ९५ | २०८०।१०।१० | मसानी ट्रस छाना मकवानपुर निर्माण उ स | कोषाध्यक्ष | धना देवी ढाट | ७६८०० |
| १०९ | २०८०।१०।१५ | कैनघाडी सिचाई कुलो निर्माण योजना | अध्यक्ष | हेमन्त बोहरा | ९५३५३ |

## ५९ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । पालिकाले नियमको पालना गर्नु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : आलिताल गाउँपालिका, डडेलधुरा , अलिताल गाउँपालिका , डडेल्धुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेन्द्र सिंह ठगुन्ना | २०७९-६-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पारसमणी साउद | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,२९८,३८६.८४ | १,२१६,९५२ | १,०४१,१५६ | ० | ० | ६१०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,१६६,४९४.८४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २३,३०५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६,१४३,१८९.८४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २०१५७८१३.५९ | |
| --- | --- | --- | --- |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८५९८२९६७.७ | चालु खर्च | २८७७८३४३४.२ |
| प्रदेश सरकारबाट अनुदान | २५९९९९८८ | पूँजीगत खर्च | १२१९५५०७० |
| राजश्व बाँडफाँट | ८१६५१०८४.९९ | वित्तीय/अन्य व्यवस्था | ७५११५२३०१.९ |
| आन्तरिक आय | ३७२१७७०.८५ | | |
| अन्य आय | ७६८७८८८१.६६ | | |
| कुल आय | ४७४२३४६९३.२० | कुल खर्च | ४८४८९०८०६.१ |
| बाँकी मौज्दात | | ९५०१७००.६९ | |

## अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका विषय |
| --- | --- | --- |
| 1 | तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च) |
| 2 | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| 3 | खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च) |
| 4 | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| 5 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| 6 | शिक्षा तर्फ | शिक्षा तर्फ |
| 7 | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| 8 | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| 9 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| 10 | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने। | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने। |
| 11 | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।